स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत साउन २३ गतेबाट प्रदर्शनमा आएको फिल्म 'मोहर' यस वर्षको दोस्रो हिट बनिसकेको छ। ५ करोडमाथि व्यापार गरिसकेको यो फिल्म अब अर्को महत्वपूर्ण उपलब्धितर्फ अघि बढ्दैछ। आगामी २० दिनमा (असोज ११ गते) फिल्मले प्रदर्शनको ५१ दिन मनाउँदैछ। देशका चारवटा हलमध्ये कुनै एउटामा गएर 'मोहर' हेर्ने ९ जना दर्शकले उक्त पुरस्कार प्राप्त गर्नेछन् ।

**आजको विचार...**



गणतन्त्र...
*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे

सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि यसको प्रभाव सांगीतिक र फिल्म वृत्तमा देखिन थालेको छ। मेटाका प्लाटफर्म फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएपमा सक्रिय हुने कलाकार टिकटक र भाइबरतिर सोझिएका छन्। कतिपय कलाकारले टिकटक खाता खोलेर पछ्याउन आग्रह गरिरहेका छन्। मेटाका ती प्लाटफर्म अहिले बन्द छन् भने टिकटक र भाइबर संचालनमा छन्। केही दिनअघि अमेरिका टूरबाट स्वदेश फर्किएका प्रदीपले शुक्रबार टिकटकमा खाता खोलेर डेब्यू गरेका छन्।



❐ वर्ष ३१ ❐ अंक ५३ ❐ २०८२ भदौ २३ गते सोमबार 8 September 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### शिकागोमाथि 'युद्ध' चेतावनी

(रासस/एएफपी)

**वासिङ्टन,** भदौ २२/राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार शिकागोमा आफ्नो नयाँ नामकरण गरिएको 'डिपार्टमेन्ट अफ वार' (युद्ध मन्त्रालय) लागू गर्ने धम्की दिएका छन् । डेमोक्रेटिक नेतृत्वमा रहेका अमेरिकी सहरहरूमा सेना तैनाथ गर्ने उनको दबाबका कारण तनाव झन् बढेको छ । यो कदम वासिङ्टनमा भएको अपरेसनको पुनरावृत्ति जस्तै हो, जहाँ ट्रम्पले नेसनल गार्ड सेना तैनाथ गर्नुभएको थियो र सैंय एजेन्टहरूको सङ्ख्या बढाएका थिए । यसलाई लिएर शनिबार राजधानीमा नयाँ विरोध प्रदर्शन भई हजारौँ मानिस सडकमा ओर्लिएका थिए । "शिकागोले छिट्टै थाहा पाउनेछ कि यसलाई युद्ध मन्त्रालय किन भनिन्छ", ट्रम्पले आफ्नो ट्रुथ सोसल खातामा लखे । "संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले अमेरिकी सहरसँग युद्ध गर्ने धम्की दिएका छन् । यो सामान्य होइन, यो मजाक पनि होइन", इलिनोइसका डेमोक्रेटिक गभर्नर जेबी प्रिट्जकरले उक्त पोस्टप्रति आक्रोश प्रकट गर्दै भने, "इलिनोइस कुनै तानाशाहबाट डराउने छैन ।" ट्रम्पको पोस्टमा उहाँको स्पष्ट एआई-निर्मित छवि र उद्धरण समावेश थियो, "मलाई बिहान निर्वासनको गन्ध मन पर्छ ।" यसले सन् १९७९ को भियतनाम युद्ध फिल्म 'एपोक्यालिप्स नाउ' को सन्दर्भ दिन्छ ।

## रोकिएन अवैध ओसार–पसार

# अवैध लागूऔषध सहित १३ जना समातिए

हाम्रा सवाददाता

**पाल्पा,** भदौ २२/नेपाल प्रहरीले अवैध लागूऔष ओसार-पसार गर्नेहरुलाई कडाई गर्दै आएको बताउँदै आए पनि यस्तो गतिविधि रोकिएको छैन् । अझै पनि सिमानाहरुबाट धमाधम अवैध लागूऔष ओसार-पसार गर्नेहरु भेटिने गरेका छन् ।

देशका विभिन्न स्थानबाट अबैध लागुऔषसहित एकै दिन १३ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, मोरङ, मकवानपुर, धनकुटा, कञ्चनपुर, बर्दिया, धादिङ, अछामका विभिन्न स्थानबाट प्रहरीले १३ जनालाई अबैध लागुऔषसहित पक्राउ गरेको हो । रूपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिका-१३ ओडलियाबाट प्रहरीले दुई जनालाई अबैध लागुऔषसहित पक्राउ गरेको छ । नियन्त्रित लागूऔषध स्पास्मो प्रोक्सिभोन १९ ट्याब्लेट सहित सोही नगरपालिका-३ पडरिया बस्ने १९ वर्षीय कयुम खान समेत २ जनालाई प्रहरीले पक्राउ गरेको





हो । प्रहरी चौकी कालिदहबाट खटिएको प्रहरीले नम्बर प्लेट नभएको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरिएको जनाएको छ । यस्तै मोरङको विराटनगर महानगरपालिका-१५ चाइना मार्केटबाट अवैध लागूऔषध सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ १० ग्राम ३ सय ४० मिलिग्राम, नियन्त्रित लागूऔषध लुपिजेसिक १३ एम्पुल, डाईजेपाम १३ एम्पुल र फेनारगन १२ एम्पुल सहित काठमाडौं तारकेश्वर नगरपालिका-८ का २४ वर्षीय साजन केसीलाई प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको जनाइएको छ । यस्तै मकवानपुरकोहेटौंडा उपमहानगरपालिका-११ गुम्बाटोलबाट अवैध लागूऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २४ वर्षीय बिभित रम्तेल, सोही उपमहानगरपालिका-११ थानाभ्याङ श्रीजनाटोल बस्ने ३७ वर्षीय सन्दिप वाईबा र सोही उपमहानगरपालिका-१ चौकीटोल बस्ने २८ वर्षीय निखिल गोले लामा रहेका छन् । प्रहरीले उनीहरुको साथबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ ४ ग्राम ३ सय ३० मिलिग्राम बरामद गरेको छ । यस्तै अछामको साँफेबगर नगरपालिका-८ बयलपाटाबाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ४० मिलिग्राम सहित सोही नगरपालिका-४ बस्ने २५ वर्षीय समिर कुँवरलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय अछामबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको जनाएको छ । यस्तै धनकुटाको महालक्ष्मी नगरपालिका-५ बरडाँडास्थित बेलवारीबाट अवैध लागूऔषधसहित दुई जनाई प्रहरीले पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ३ ग्राम ५ सय मिलिग्राम सहित मोरङ वेलवारी नगरपालिका-४ बस्ने २१ वर्षीय मनिष दर्जि र २२ वर्षीय ख्याम बहादुर श्रेष्ठलाई पक्राउ गरिएको केन्द्रीय समाचार कक्षले जनाएको छ । प्रहरी चौकी लेगुवाबाट खटिएको प्रहरीले मे.८ प ८२३८ नम्बरको मोटरसाइकलमा सवार दुबै जनालाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस्तै धादिङको गजुरी गाउँपालिका-२ बाट अवैध लागूऔषध गाँजा ९० किलो ६ सय ४० ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मकवानपुर राक्सिराङ गाउँपालिका-९ खैराङ बस्ने २५ वर्षीय प्रेम तामाङ र काठमाडौं महानगरपालिका-१४ बल्खु बस्ने २४ वर्षीय सन्तोष राई रहेका छन् । इलाका प्रहरी कार्यालय गजुरीबाट खटिएको प्रहरीले चालिसेबाट मलेखुतर्फ जाँदै गरेको मे.१ च १५२२ नम्बरको एम्बुलेन्सलाई जाँच गर्ने क्रमाम उक्त परिमाणको गाँजा फेला पारी चालक सन्तोष र एम्बुलेन्समा सवार प्रेमलाई पक्राउ गरेको हो । यस्तै कञ्चनपुरको पुनर्वास नगरपालिका-११ डोके बजारबाट अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरिएको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ७० मिलिग्राम सहित डोटी जोरायल गाउँपालिका-४ जिजिकोटका २५ वर्षीय टेकेन्द्र कुँवरलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरिएको जनाएको छ । बर्दियाको बढैयाताल गाउँपालिका-२ फुटाहबाट अवैध लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ ७० मिलिग्राम सहित बाँके बैजनाथ गाउँपालिका-२ बस्ने ३६ वर्षीय चेत बहादुर राना मगरलाई प्रहरीले पक्राउ गरेको हो ।

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु



**पाल्पा,** भदौ २२/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ र म्यागदीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको हो ।

दाङको लमही नगरपालिका-१ सुनडबरीस्थित सडकमा मोटरसाइकलको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । रा.७ प ८७६३ नम्बरको मोटरसाइकलको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ६० वर्षीय गर्भु चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भैरहवा मेडिकल कलेज रूपन्देहीमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै म्यागदीको बेनी नगरपालिका-८ पुरानो रोडस्थित सडकमा जिपको ठक्करबाट अर्का पैदलयात्रीको मृत्यु भएको छ ।

मुस्ताङबाट पोखरातर्फ जाँदै गरेको बिएए २६३४ नम्बरको जिपको ठक्करबाट पैदलयात्री पर्वत जलजला गाउँपालिका-७ बस्ने कमल सुनारको छोरा ३ वर्षीय रियास सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको प्रदेश अस्पताल म्यागदी बेनीमा उपचारको क्रममा मृत्यु भएको हो । जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुवै दुर्घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## साहित्यकार सिंहको 'बन्न नसकेका कविता' संग्रह लोकार्पण

कृष्ण पोखरेल

**पाल्पा,** भदौ २२/साहित्यकार राजेन्द्र गोपाल सिंहको बन्न नसकेका कविताहरुको कविता संग्रह लोकार्पण गरिएको छ । पाल्पा साहित्य समाजले तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरि कविता संग्रहको लोकार्पण गरेको हो ।

सिंहद्धारा प्रकाशित कविता संग्रहमा विभिन्न विषयवस्तुहरु समेटिका ५१ वटा कविताहरु रहेका छन् । कविता संग्रहमा वर्तमान अवस्थामा राजनिति, शिक्षा, भेषभुषा, भाषा, धर्मकर्म, सामाजिक तडक भडक, नैतिक, धार्मिक मुल्यमान्य तथा अनुसासनका विषयमा हुने गरेका विकृति विसंगती, जालझेल, छलछाम लगायतका विषयवस्तुमा आधारित रहेर कविता लेखिएको छ । प्रकाशित कविता संग्रह परम्परा र यथास्थिती भन्दा फरक शैलिमा प्रकाशन गरिएको



छ । प्रकाशनमा कुनै पनि शुभकामना, भुमिका तथा लेखकको भनाई केही पनि समावेश गरिएको छैन् । परम्परावादी शैलीबाट भन्दामाथी उठेर पनि कविता संग्रह प्रकाशन गर्न सकिन्छ भन्ने सन्देश दिने गरी कृति प्रकाशनको शुरुवात साहित्यकार कवि सिंहले गरेका छन् । पाल्पा साहित्य समाज तानसेन पाल्पाद्धारा प्रकाशित कृतिमा कुनै टिप्पणीकार राखिएन । कुनै प्रमुख अतिथि बनाईएन । कुनै विशिष्ट अतिथि भएनन । उपस्थित सबैले कविता संग्रहको एक साथ विमोचन हुँदा कार्यक्रम नै फरक शैलीबाट भएको थियो । विमोचन कार्यक्रममा शुभकामना दिने वक्ताहरुले लेखकलाई वन्न नसकेका कविताहरुलाई कविता तथा व्यङ्गको रुपमा सार्वजनिक गर्न आग्रह गरे । साहित्यकार सिंह पाल्पाको भाषा,कला धर्म संस्कृती, ईतिहास पर्यटन विकास, संरक्षण जर्गेना तथा उजागर गर्न लामो समय देखी निरन्तर सक्रिय रहदै आएका छन् । साहित्यकार सिंहले सम्झनामा पोखरेली सर्जकहरु २०७६, पाल्पाको साहित्यिक इतिहास २०७९, पाल्पामा नेपाली भाषा साहित्यको इतिहास २०८१ तथा विभिन्न पत्रपत्रिकामा साहित्य सम्वन्धी लेख रचनाहरु प्रकाशित गरिसकेका छन् । साहित्यकार सिंहलाई हकि खरो र यथार्थवादी व्यक्तिको रुपमा लिने गर्दछन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय साक्षरता दिवस र यसको सार्थकता

आज अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाइँदैछ । यो प्रत्येक वर्ष सेप्टेम्बर महिनाको ८ तारिखका दिन मनाइन्छ । यसलाई युनेस्कोले २६ अक्टोबर १९६६ मा युनेस्कोको महासभाको १४ औँ सत्रमा घोषणा गरेको थियो । सन् १९६७ मा पहिलो पटक यो दिवस मनाइएको थियो । यसको उद्देश्य व्यक्ति, समुदाय र समाजका लागि साक्षरताको महत्वलाई उजागर गर्नु हो ।

यो दिवस अन्तर्राष्ट्रिय रुपमा मनाइरहँदा विश्वका ६० मुलुकको साक्षरता प्रतिशत अझै पनि ९५ भन्दा तल रहेको पाइन्छ । यो अत्यन्त दुःखको कुरा हो । नेपालमा ९५ प्रतिशतभन्दा बढी साक्षरता भएका जिल्लालाई पूर्णसाक्षर घोषणा गरिँदै आएको छ । अहिले नेपालको साक्षर जनसंख्या ८१ प्रतिशत पुगेको दाबी गरिएको छ । विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा प्रवेश गराउन झण्डै सतप्रतिशत सफल भए पनि प्रौढहरूलाई साक्षर तुल्याउने कार्यमा सन्तोषजक प्रगति हुन सकेको छैन् । २०६५ सालमा सरकारले साक्षरता अभियान नै सञ्चालन गरेको थियो । यो निकै सकारात्मक पक्ष थियो तर त्यसबाट खासै उपलब्धि हासिल हुन सकेन । नेपालले पहिलो पटक सन् २००० मा थाइल्यान्डको जोम्टेनमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमै सन् २०१५ भित्रै मुलुकबाट निरक्षरता उन्मूलन गर्ने भनी लिखित प्रतिबद्धता गरेको थियो । तर पनि हरेक वर्ष कर्मकाण्डीजस्तो मात्रै देखिएकाले अभियानको प्रभावकारिताप्रति सरोकारवाला नै विश्वस्त हुन सकेका छैनन् ।

सरकारले सञ्चालन गरेको साक्षरता अभियानले साक्षरता प्रतिशत बढाउन केही सहज भएपनि निरक्षर उन्मूलनचाहिँ चुनौतीकै विषयका रुपमा देखापरेको छ । अहिले पनि पूर्णसाक्षर जिल्ला घोषणाको क्रम जारी छ तर, साक्षर जिल्ला घोषणाको दौडमा तथ्यांक बढाइएको, साक्षरता घोषणा गरिएअनुसारको सुधार गाउँमा नदेखिएका गुनासा पनि आइरहेकै छन् । सरकारको महत्वाकांक्षी घोषणालाई सार्थक बनाउनकै लागिमात्रै निरक्षरहरुलाई रातारात साक्षर बनाइनु विडम्बनाकै कुरा हो । सरकारले संख्यात्मक भन्दा पनि गुणात्मक पक्षलाई ध्यान दिएर साक्षर अभियानलाई निरन्तरता दिन सकेमा साक्षरता दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।

### Opinion @ Social Network

बडो अचम्मा हुँदा रहेछन् शहरका बत्तीहरु
जति उज्यालो भए पनि मान्छेको अनुहार चिन्न नसकिने !
*(सोनि आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्र किन यस्तो भयो ?



## डा. गणेशप्रसाद घिमिरे

*शहरको मानिस विदेशमा छ । नयाँ भनेका दल पनि पुरानै राजनीति ढर्रामा चल्न थाले । समाजको विकासका आधार गतिशील भए तर नेपाली गतिशील हुनसकेन । आज पनि जीवन चलाउनका लागि विदेशी भूमिमा जानुपर्ने बाध्यताले नेपाललाई पच्छ्याइरहेको देखियो । यो अवस्थाको जिम्मेवार को ? यो अवस्थाको सर्जक को ? यो अवस्था नेपाली जनतालाई दिने को ? नेपाली जनता त पक्कै होइनन् ?*

*बोरामा यदि एक आलु*
*कुहिए दुर्गन्ध गोदाममा*
*बिक्री हुन्न नछानिए नकिनिए*
*दोकानको भाउमा ।*
*के साँच्चै गणतन्त्र कूट लुट हो ?*
*सल्लाहको योजना*
*दाता ऊ जनता अपाच्य नघिचून्*
*भन्दै छ आलो-चना ।।*

कविताको यो पद्य कवि रामहरि कोइरालाको हो । उनले आलोचना शीर्षकमा कविताको पहिचानलाई बाहिर ल्याए । उनको यो कविताका यी चार हरफले गणतन्त्रलाई लुटतन्त्रका रूपमा प्रस्तुत गरेको देखिन्छ । के वास्तवमा गणतन्त्र लुटतन्त्र नै भएको हो र ? नेपालका सन्दर्भमा । यो अवस्थाको चित्रणमा देखिएको कविताले उदाहरणका रूपमा आलुलाई लिएको छ । एउटा आलु कुहेमा सबै बोराको आलु नै खराब हुने अवस्था रहेकाले कविले सोही रूपमा गणतन्त्रलाई लिए । आलुलाई कुहिन नदिने वा सबै फाल्ने हो राजनीतिकर्मीको हातमा ।

गणतन्त्रको विकल्प कुनै शासन व्यवस्था हुन सक्दैन तर यो तन्त्रले जुन अवस्था नेपालमा सिर्जना गरेको छ, त्यसले नेपालीलाई पूर्णरूपमा गतिशील हुन दिएको देखिँदैन । सामान्य अवस्थाको गणतन्त्र अब नेपालमा रहेन । गणतन्त्रलाई शिशु गणतन्त्र भन्ने अवस्था पनि देखिएन तर गणतन्त्रको पहिचानले जुन अवस्थामा नेपाललाई पुर्‍यायो यहीं नेपालीले विकल्पको खोज गरेका छन् । गणतन्त्रको विकल्प छैन । यो सत्य हो । गणतन्त्रका सारथीले अपनाएको बाटो गलत भयो भन्नेमात्र आधार आजको नेपाली समाजमा देखापरेको पाइन्छ । नेपालमा विकास नभएको पनि होइन । केही क्षेत्रमा उल्लेख्य विकास भएको छ । विकासका पूर्वाधार गतिशील नै बनेका छन् । नेपाली देश सुहाउँदो र भेष सुहाउँदो गणतन्त्रको खोजी भएन भन्ने तर्क नै आजका नेपालीले भोगेको अवस्था हो ।

**स्वीकार गरौं गल्ती :** नेपालको राजनीति २०७२ को संविधानपछि एउटा धारमा बगेको पाइन्छ । यो धार गणतन्त्रको धार हो । यो गणतन्त्रको धारलाई केही वर्षमा नै सत्तोसराप गर्ने जमातको कमी देखिएन । गणतन्त्रको विकास त भयो तर विकासलाई आत्मसात गर्ने नेपालीको अभाव आज देशले झेलिरहेको छ । देशको विकासमा देखापरेका सूचकले नेपालीको पहिचान र त्यसले निर्वाह गर्ने भूमिकालाई सीमित पारेको होइन । गणतन्त्रलाई ल्याउन प्रतिबद्ध भएका दल नै आज सत्तासीन छन् । दलहरूमा देखिएको प्रवृत्तिका कारण आजको राजनीतिमा दलप्रति नै विश्वास कम देखियो । यसमा दल आफैं दोषी होइनन् तर उनका क्रियाकलाप र उनीहरूले अपनाएका मार्ग भने पक्कै दोषी ठहर हुने अवस्थामा आइपुगे । संसारका कुनै पनि मुलुकको शासन व्यवस्थामा स्थिति हुनु अनिवार्य हुन्छ तर नेपालको शासकीय स्थितिमा परिवर्तनमात्र भयो । स्थिति बसाल्न नेपालका शासकले सकेनन् । यो अवस्थाको सिर्जनकर्ता नेपाली जनता होइनन् । गणतन्त्रपछि आएका सबै सरकार कुनै न कुनै काण्डमा मुछिए र नेपाली जनताका लागि अलोकप्रिय नै रहे । सरकारले जनतालाई र जनताको हकहितका लागि कुनै कार्य गर्न सकेको देखिएन । विभिन्न प्रकारका भ्रष्टाचारका आरोप नेपालका नेतामा मात्र देखापरेको छ । भ्रष्टलाई समाप्त पार्ने अवसर नेपालका नेतामा देखापरेन । देखियो नेपालीमा देशका नेताप्रति अविश्वास । नेपाली शासकीय व्यवस्थामा सुधारको अपेक्षा जनताको थियो तर त्यो हुनसकेन । शासकीय व्यवस्थाका प्रत्येक क्षेत्रलाई पंगु बनाउने काम नेपालका शासकले गरे । शासकीय व्यवस्थामा सुधारभन्दा आफ्नो सुधार कसरी गर्ने भन्ने भावनाले नै नेपालका नेताको पहिचान बन्यो । स्थानीय तहदेखि संघीय तहसम्मका नेताको अवस्था यही नै रह्यो । यही अवस्था रहेमा कसरी नेपाली जनताका काम हुनसक्छन् र ? हामीले सुधार गरेका छौं र नेपालको विकासमा उच्च योगदान दिएका छौं भन्ने भाषणमात्र सुनिन थाले नेपाली जनताका माझमा । विकासका पूर्वाधारमा उल्लेख्य प्रगति भए पनि आयोजनाका धेरैजसो काम अलपत्र नै रहे । यस्तो अवस्थामा नेपालको राजनीतिले कसरी गति लिने हो नेता नै जानकार होलान ? स्वच्छता र कलंकरहित भएर राजनीतिलाई अघि बढाउने काम जनताको होइन । नेताको काम हो यो । नेताले गरेका निर्णय र कानुनलाई मान्नु नेपालीको बाध्यता भयो । नेपालको विकासलाई कागजमा मात्र सीमांकन गर्न थालियो । यो अवस्थाको विकासले कहिले गति लिने होला र सबै नेपाली नेपाललाई नै आफ्नो कर्मभूमि मान्ने होलान् भन्ने चिन्ताका रेखाहरू आजका हरेक नेपालीमा देखापरेका छन् । शासकीय पद्धति मर्यादामा चल्नुपर्ने हो । मर्यादमा चलेन । हरेक क्षेत्रमा अमर्यादित क्रियाकलाप भए । कतै मर्यादा कायम भएन । नेपालको राजनीतिमा सदा एक अर्काप्रतिको अविश्वास कायम नै रहेको देखियो । कसैले कसैमाथि विश्वास जगाउन सकेनन् । एउटा दल अर्को दलप्रति अविश्वासमा बाँधिएको छ । एउटा नेपाली अर्को नेपालीप्रति अविश्वासको वातावरणमा बाँचेको छ । शिक्षा प्राप्त गर्ने शिक्षार्थी नेपालको शिक्षामा विश्वास गर्न छोडिसक्यो । दश जोड दुई उत्तीर्ण नगर्दै राहदानी बनाउने तरखरमा लागिसक्यो । आमाबुबा छोराछोरीलाई विदेश अध्ययनका लागि पठाउने उद्देश्यले धनको जोहो गर्न थालिसके । मध्यमवर्गीय परिवारको मानिस अरब र कोरियाको लाइनमा बसेको छ । नेताहरू देशले काँचुली फेरिसक्यो भनेर भाषण दिन मस्त छन् । कार्यकर्ता नेताले जे भन्यो त्यही पत्याएर बसेको छ मेरो पनि पालो आउँछ भनेर । सच्चिने अवस्थाको सिर्जना नेपालका नेताले गरेनन् । उही कविले भनेजस्तो बोरामा कुहिएको आलु समान् भए । आजको गणतन्त्रमा नेताबाट गल्ती भएको हो । यो गल्तीमा सुधार आवश्यक छ । आवश्यक सुधार व्यवस्थामा होइन । कार्यप्रणाली र चरित्रमा हो । यदि चरित्रलाई सुधार गर्न सकिएन भने नेतामात्र होइन ठूला राजनीतिक पार्टीको हालत पनि कमजोर हुने देखिन्छ । गल्तीलाई सच्चाएर अघि बढ । नभए नेपालको रक्षा नेपाली जनताबाट हुने तथ्यलाई अस्वीकार गर्न सकिँदैन ।

**नयाँको हालत पनि उही :** संविधानले राजनीतिक दल खोल्ने व्यवस्थालाई नेपालीको अधिकार मानेको छ । स्वतन्त्रताको प्रत्याभूति हामीले पाएका छौं । त्यो स्वतन्त्रता जस्तो सुकै किन नहोस् । नेपाली बोलेको छ । आफ्नो अन्तर्मनको भडास कतै नभए सामाजिक सञ्जालमार्फत निकालेको छ । हामीले राजनीतिमा सुधार गरेका छौं भनेकै छ । हामीले आगामी निर्वाचन चौरासीमा यो गर्नेछौं भनेर जनताको आँखामा छारो हाल्न सफल भएकै छन् राजनीतिक दलका नेता र तिनका कार्यकर्ता तर नेपालीको हित र नेपालको हितमा उनीहरूको चासो देखिएन । अवैध रूपमा अमेरिका बसेका नेपालीलाई अमेरिकाले पठाउन थालेको छ । अन्य मुलुकमा कामदारका रूपमा गएको नेपालीले कहिले पनि देशको अवस्थामा सुधार आउला भन्ने कल्पना गर्न सकेको छैन । समाजमा रूपान्तरण र सामाजिक मर्यादामा विचलन आउन थालिसक्यो । यस अवस्थालाई नेपालका राजनीतिक दलले बुझ्न आवश्यक छ । शिक्षा, स्वास्थ, यातायात, शिक्षामा गरिने सुधारले देशको भौतिक सम्पन्नता देखिने हो । शिक्षा कमजोर देखियो । स्वास्थ्य पैसा हुनेका लागिमात्र भयो । यातायातलाई हेर्ने हो भने गाउँगाउँ मोटर पुगे । विकासका नाममा देशको प्रकृतिलाई ध्वस्त पारियो । गाउँको मानिस बसाइँ सरेर शहर पस्यो । शहरको मानिस विदेशमा छ । नयाँ भनेका दल पनि पुरानै राजनीति ढर्रामा चल्न थाले । समाजको विकासका आधार गतिशील भए तर नेपाली गतिशील हुनसकेन । आज पनि जीवन चलाउनका लागि विदेशी भूमिमा जानुपर्ने बाध्यताले नेपाललाई पच्छ्याइरहेको देखियो । यो अवस्थाको जिम्मेवार को ? यो अवस्थाको सर्जक को ? यो अवस्था नेपाली जनतालाई दिने को ? नेपाली जनता त पक्कै होइनन् ? समाजको रूपान्तरणका लागि आएका नेपाली राजनीतिका नयाँ दल उस्तै देखिन थाले । सामाजिक सञ्जालबाट नै उनीहरू र उनका दलका कार्यकर्ताले चुनाव जितिसके । यति विघ्न प्रचार किन ? सत्ताको स्वाद पनि चाखे तर नेपालको राजनीति पुरानो ढर्रामा चलेकाले केही गर्न नसक्ने अभिव्यक्ति उनीहरूको रह्यो ।

गणतन्त्रपछि आएका नयाँ दलमा पनि पुरानै मानिस हावी भए । उनीहरू सस्तो लोकप्रियताका लागि राजनीतिमा होमिए । देशको विकास र नेपाली जनजीवनमा सुधार भने देखिएन । किन यस्तो भयो । यसको जवाफ कसले दिने हो । नेपाली युवालाई नेपालमै राख्ने आधार कहाँ छ ? नेपालीलाई शिक्षाका लागि विदेश पलायन हुन नदिने विश्वविद्यालयीय शिक्षा कहाँ छ ? आटोपीठो खाएर यही भूमिमा बाँच्ने परिस्थितिको सिर्जना कता छ ? यो तथ्यलाई कुनै पनि राजनीतिक दलले बुझ्न सकेन । राजनीतिक दलको सोच नै चुनाव र जित भयो । जनताको भलो हुनसकेन । सामाजिक सञ्जालमा राखिएका भाषण दल तथा नेताप्रति गरिएका अभङ्ग टिप्पणी गणतन्त्रका खम्बा होइनन् । गणतन्त्रको विकासका लागि अपनाउने आधार कहाँ छन् ? स्वदेशमा नै बसेर जीवन धान्न सकिने व्यवस्था कहाँ छ ? विदेश जान लागेको युवालाई हवाइअड्डामा जान नदिने सुधार कता छ ? राजनीतिमा सोच बदलौं । एकअर्काप्रति वैरभाव नराखौं । देशको विकासलाई नै मुख्य आधार बनाऔं । नेपाल र नेपालीको हित सर्वोपरि मानौं । नयाँ भन्दैमा सधैं जनताले पताउने होइनन् । जनताले एकपटक विश्वास गरे अब गर्दैनन् । यही बुझेर राजनीति गरियो भने देशको विकास हुन्छ र जनता सुखी हुनेछन् । अन्यथा जनतासित कसैको केही लाग्ने छैन । कुहिएको आलुजस्तै जनताले फाल्नेछन् मतदान प्रक्रियाबाट ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यवसायमा सन्तुष्टि जनक परिणाम मिल्नेछ। आर्थिक पक्ष सबल रहनेछ। | **तुला** : महत्वपूर्ण कार्यलाई प्राथमिकता दिनुहोस्। शैक्षिक क्षेत्र फराकिलो रहनेछ। |
| **वृष** : आफन्तहरूसँग भेटघाटले मन प्रसन्न रहनेछ। शत्रुहरू सक्रिय रहनेछन्। | **वृश्चिक** : मनमुटावको सम्भावना रहेको छ। व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। |
| **मिथुन** : करियरलाई लिएर नयाँ बाटो खुल्नेछ। धर्मकर्ममा मन लाग्नेछ। | **धनु** : व्यवसाय प्रभावित हुन सक्छ। सोचविचार गरेर नयाँ लगानी लगाउनुहोस्। |
| **कर्कट** : सोचविचार गरेर नँया निर्णय लिनुहोला। कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। | **मकर** : रचनात्मक कार्यमा रुचि बढ्नेछ। दिन खर्चिलो रहनेछ विचार पुर्‍याउनुहोस्। |
| **सिंह** : भविष्यलाई लिएर योजना कोरिनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **कुम्भ** : अधिकारीहरूबाट सहयोग पाइनेछ। व्यक्तित्व निर्माण गर्ने समय रहेको छ। |
| **कन्या** : हतारमा कुनै निर्णयमा नपुग्नुहोस्। विद्यार्थीहरूको पढाइमा मन नलाग्ला। | **मीन** : विवादास्पद कार्य निर्वहन गर्नुपर्ला। आध्यात्मतर्फ रुचि बढ्नेछ। |

# शिक्षा

## म्याग्दीका क्याम्पसमा विद्यार्थी सङ्ख्या निरन्तर ओरालो




म्याग्दी जिल्ला सदरमुकाम बेनीमा रहेको एकमात्र म्याग्दी बहुमुखी क्याम्पसमा स्नातक र स्नाकोत्तर तह अध्ययन गर्ने विद्यार्थी सङ्ख्या पछिल्लो तीन वर्षयता निरन्तर ओरालो लागेको छ । सदरमुकाम बाहिर बाबियाचौरको मङ्गला शिक्षा क्याम्पसमा एक सय १२ र घारको मुक्तिमार्ग क्याम्पसमा विद्यार्थी सङ्ख्या ५५ जना छ ।

समुदायस्तरबाट सञ्चालित तीनवटै क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त हुन् । विद्यार्थी सङ्ख्या कम भएपछि न्यू वेष्ट पोइन्ट फाउन्डेसनले व्यवस्थापन सङ्कायमा सञ्चालन गर्दै आएको स्नातक तहको कक्षा दुई वर्षअघि बन्द गरेको थियो । पछिल्लो दुई दशकयताको न्यून जन्मदर, बढ्दो बसाइँसराइ र विद्यार्थीहरू रोजगारीसँगै अध्ययनको अवसर खोज्दै विदेश जाने क्रम बढेपछि निजी क्षेत्रले सञ्चालन गरेको क्याम्पस बन्द तथा समुदायको प्रयासमा सञ्चालन भएका क्याम्पसमा विद्यार्थी सङ्ख्या ओरालो लागेको हो । म्याग्दी बहुमुखी क्याम्पसका प्रमुख श्रीधर सुवेदीले स्नातक तहमा नयाँ भर्ना हुने दर घटेको र भर्ना भए पनि अन्तिम वर्षसम्म नटिक्ने विद्यार्थी बढेका बताए । उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा स्नातक तहको मानविकी, व्यवस्थापन र शिक्षा सङ्कायमा भर्ना हुने विद्यार्थीको सङ्ख्या आठ सय ८५ जना रहेकामा आव २०८०/८१ मा सात सय तीन र २०८१/८२ मा पाँच सय ५८ मा झरेको छ । स्नातक तहको कम्प्युटर विज्ञान विषयमा आव २०७९/८० मा २१, २०८०/८१ मा २८ र २०८१/८२ मा २३ जना विद्यार्थी भर्ना भएका छन् । म्याग्दी क्याम्पसको व्यवस्थापन र शिक्षा सङ्कायमा स्नाकोत्तर तह अध्ययनका लागि आव २०७९/८० मा ४५, २०८०/८१ मा ६० र २०८१/८२ मा ४६ जना विद्यार्थी भर्ना भएका छन् । क्याम्पसमा अध्ययनरत कुल छ सय २८ जनामध्ये ६४ दशमलव ९७ प्रतिशत छात्रा छन् । विद्यार्थी सङ्ख्या कम भए पनि क्याम्पसको उत्तीर्णदर बढेको प्रमुख सुवेदीले बताउनुभयो । स्नातक तहमा २०७८ सालमा २८ दशमलव ६८, २०७९ मा ३५ दशमलव २२ र २०८० को उत्तीर्णदर ३७ दशमलव २२ छ । विसं २०८१ को नतिजा सार्वजनिक हुन बाँकी छ । स्नाकोत्तर तहमा सन् २०२३ को परीक्षामा सहभागी एक सय आठ विद्यार्थीले सबै विषय उत्तीर्ण गरेका क्याम्पस प्रमुख सुवेदीले बताए । “विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायण सुनिश्चितता क्युएए पाएको क्याम्पसमा उत्तीर्णदर बढे पनि विद्यार्थी सङ्ख्या बढाउन र टिकाउन चुनौती भएको छ”, उनले भने, “विद्यार्थीको सङ्ख्यासँगै शुल्कबाट हुने आम्दानी घट्दा क्याम्पस सञ्चालनका लागि स्रोत जुटाउन समस्या भएको छ ।” म्याग्दी क्याम्पसका पूर्वप्रमुखसमेत रहेका समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीका अनुसार त्रिभुवन विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त गरेका एक हजार ५०० मध्ये एक सयभन्दा कम विद्यार्थी रहेका क्याम्पसको सङ्ख्या चार सय छ । “पाँच सयदेखि माथि विद्यार्थी सङ्ख्या हुने सामुदायिक क्याम्पस एक सय पनि छैनन, करिब एक हजार जनाको हाराहारीमा विद्यार्थी हुने ४०-४५ वटा क्याम्पसमध्ये म्याग्दी क्याम्पस पनि एक हो”, उनले भने, “विसं २०७८ सम्म एक हजार ४०० को हाराहारीमा विद्यार्थी सङ्ख्या भएको क्याम्पसमा विद्यार्थी घट्नुको प्रमुख कारण वैदेशिक रोजगारी नै हो ।” व्यवस्थापन सङ्कायका ३५ विद्यार्थीले एकै वर्षमा जापान अध्ययन गर्न जानका लागि सिफारिसपत्र बनाएका उनले बताए । दश जोड दुई अध्ययन सकेपछि विद्यार्थी रोजगारीसँगै आम्दानी गर्ने अवसर खोज्दै ठूला सहरका क्याम्पसमा भर्ना भएर तयारी गर्ने र उच्च शिक्षा पूरा नहुँदै जापान, अष्टेलियाजस्ता देशमा जाने गरेका प्राध्यापक जिसीले बताए । ग्रामीण क्षेत्रका क्याम्पसमा अध्ययन गर्नेमा विपन्न समुदायका, छोरीबुहारी र जागिरेहरूको सङ्ख्या बाहुल्यता छ । म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष दीपेन्द्रकुमार श्रेष्ठले छात्रावास, छात्रावृत्तिको सुविधा, उद्यमशीलता प्रवर्द्धन कार्यक्रम, लोकसेवा तयारी कक्षा, प्राविधिकतर्फ कम्प्युटर, विज्ञान विषयको कक्षा सञ्चालन गरेको बताए । “राज्यले नै उच्च शिक्षा अध्ययनसँगै रोजगारीको अवसर पाउने वातावरण नबनाए सामुदायिक क्याम्पसहरूमा विद्यार्थीको अभाव कायम रहन्छ”, उनले भने, “उच्च शिक्षाका लागि अन्य सहरमा जाने विद्यार्थीलाई जिल्लाकै क्याम्पसमा टिकाउन समुदाय केन्द्रित र स्थानीय तहसँग समन्वय गरेर अनुसन्धानमूलक परियोजनाको योजना बनाएका छौँ ।”

*-रासस*

## विद्यालय शिक्षा विधेयकप्रति विद्यार्थी सङ्गठनको आपत्ति

हालै संसद्मा दर्ता भएको विद्यालय शिक्षा विधेयकप्रति आपत्ति जनाउँदै नेविसंघ, अनेरास्ववियुसहित १७ विद्यार्थी सङ्गठनले सोमबार संयुक्त प्रेस विज्ञप्ति सार्वजनिक गरेका छन् । उनीहरूले विधेयकले शैक्षिक निजीकरणलाई प्रोत्साहन गर्ने, सार्वजनिक शिक्षा प्रणालीलाई कमजोर बनाउने र युवालाई विदेश पलायनतर्फ धकेल्ने खालको प्रावधान राखिएको भन्दै तत्काल परिमार्जन गर्न माग गरेका छन् । सङ्गठनहरूले संविधानको मर्मअनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म पूर्ण नि:शुल्क शिक्षा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् । साथै सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि तीनै तहका सरकारलाई वार्षिक बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न माग गरिएको छ । विद्यार्थी सङ्गठनहरूले शिक्षा क्षेत्रमा व्यापारीकरण अन्त्य गरी नयाँ निजी विद्यालय खोल्न अनुमतिलाई सदाका लागि रोक लगाउनुपर्ने पनि माग गरेका छन् ।

विज्ञप्तिमा शिक्षक सेवा प्रवेशका लागि तोकिएको नयाँ उमेर सीमा खारेज गरी साबिककै १८ देखि ४० वर्ष कायम गर्नुपर्ने, राज्यकोषबाट सुविधा लिने व्यक्तिका सन्तानलाई अनिवार्य रूपमा सार्वजनिक विद्यालयमै पढाउनुपर्ने व्यवस्था गर्नुपर्ने, पाठ्यक्रम र भाषामा एकरूपता ल्याउनुपर्ने लगायतका मागहरू उठाइएका छन् । त्यसैगरी बाल विकासलाई विद्यालय शिक्षा भित्र समावेश गरी त्यहाँका शिक्षकलाई शिक्षककै हैसियत दिने, शिक्षक सरुवासम्बन्धी प्रावधान लचिलो बनाउने, शिक्षण गुणस्तर अभिवृद्धिका लागि टिचर्स एकेडेमी स्थापना गर्ने र छात्रवृत्ति प्रणालीलाई केन्द्रीय विद्यार्थी पोर्टलमार्फत पारदर्शी बनाउनुपर्ने सङ्गठनहरूको जोड छ । उनीहरूले तत्काल माग सम्बोधन नभए सैर्षका कार्यक्रमलाई सशक्त बनाउँदै लैजाने चेतावनी दिएका छन्। सैर्षका प्रारम्भिक कार्यक्रमअन्तर्गत भदौ १७ र १८ गते राष्ट्रपतिदेखि शिक्षामन्त्रीसम्मलाई ज्ञापनपत्र, भदौ १९ गते राजनीतिक दलका शिक्षा विभाग र पूर्व विद्यार्थी नेतासहित अन्तरक्रिया, भदौ २० र २२ गते नि:शुल्क शिक्षाका लागि हस्ताक्षर सङ्कलन र प्रचारप्रसार, भदौ २३ गते देशव्यापी सिडिओमार्फत ज्ञापनपत्र र भदौ २४ गते उपत्यकासहित देशभर विद्यार्थी प्रदर्शन गर्ने घोषणा गरिएको छ । सङ्गठनहरूले माग पूरा नभए थप कडा आन्दोलनमा जाने चेतावनीसमेत दिएका छन् ।

*-रातोपाटी डटकम*

## ऐनले शिक्षक र कर्मचारीको मन चिसो नबनाओस्



**राजन पाण्डे**

भनिन्छ – कुनै पनि देशको शासन, विकास र सेवा प्रवाहको स्तर त्यो देशको शिक्षाको गुणस्तरभन्दा माथि हुन सक्दैन । राज्यको पुनर्संरचनामार्फत शिक्षामा अपेक्षा गरिएको नयाँ संरचना, नीति र विधि कार्यान्वयन गर्न विद्यालय शिक्षा ऐन जारी गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । अस्वाभाविक विलम्ब, आन्दोलन र सम्झौताको लामो यात्रापछि संसदीय समितिबाट विद्यालय शिक्षा विधेयक प्रतिनिधि सभाको पूर्ण बैठकमा प्रवेश गरेको छ । विद्यालय शिक्षक-कर्मचारीको महिना दिन लामो सडक आन्दोलनको धपेडी खेपेको माइतीघर-बानेश्वर सडक फेरि अर्को आन्दोलनको साक्षी बन्ने लक्षण देखापरेको छ । विषय उही शिक्षा ऐन नै हो । सामुदायिक विद्यालयका शिक्षक-कर्मचारी आफ्नो रोजगारीको सुरक्षा र सुविधाका माग लिएर अझै आन्दोलनमा छन् । निजी विद्यालयका लगानीकर्ताहरू आफ्नो लगानी सुरक्षा र नाफा सुनिश्चितताका लागि सडकमा पुगेका छन् । बहस शिक्षा प्रणालीमा आमूल रूपान्तरण र गुणस्तर सुधारमा भन्दा पनि अल्पकालीन विषयहरूमा केन्द्रित भएको देखिएको छ । हालसम्मको विद्यालय शिक्षाको विवेचना र भविष्यको आवश्यकताका आधारमा सुधारको मार्गमा अघि बढ्नुपर्नेछ । हामी सबै सरोकारवाला आधा शताब्दीभन्दा पनि पुरानो ऐन विस्थापन गर्ने अवसरमा छौं । मिडियाले शिक्षा व्यवसाय हो कि सेवा भन्ने सपाट उत्तर खोज्न बहस चलाएको छ । शिक्षा क्षेत्रमा भइरहेको व्यवसायको चरित्र नाफा कमाउने सबै व्यवसायको जस्तै हो कि फरक ? आजको ज्वलन्त प्रश्न यही हो । शिक्षकले पाउनुपर्ने ‘पे’ र ‘प्रेस्टिज’ महत्त्वपूर्ण पक्ष हो । यसमा राज्य संवेदनशील हुन आवश्यक छ । शैक्षिक गतिविधि र शिक्षा नतिजा सुधार गर्न शिक्षकले पूरा गर्नुपर्ने जिम्मेजारी झन् बढी महत्त्वपूर्ण पक्ष हो । यी दुवैमा वस्तुपरक आधार तयार होओस् भन्ने चाहना सर्वत्र देखिन्छ । संसदमा विचाराधीन विद्यालय शिक्षा विधेयकले शिक्षक र कर्मचारीको हितरक्षा, निजी विद्यालयको व्यवस्थापन, शिक्षाको गुणस्तर र समानता, जबाफदेयिता र मूल्यांकन लगायत अनेक पक्षमा संरचनागत कार्यप्रणालीको आधार तय गरेको देखिन्छ । यी पक्षहरूमा सरोकारवालाहरूको आआफ्ना तर्क र माग रहेका कारण चुनौती बाँकी नै रहेको देखिन्छ । संविधान र राष्ट्रिय शिक्षा नीतिलाई राष्ट्रिय शिक्षाको मूल दृष्टिकोणका रूपमा लिएर शिक्षा ऐनले सबै सवालको जबाफ दिन सक्नुपर्छ। शिक्षा सेवा हो कि अरू व्यवसायझैं व्यवसाय नै हो, वा केही फरक प्रकृतिको व्यवसाय हो भन्ने कुरा स्पष्ट पार्नुपर्छ। शिक्षक र कर्मचारीको मन चिसो बनाएर उनीहरूलाई विद्यालय पठाउँदा राम्रो नतिजा प्राप्त हुँदैन । उम्दा जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्न पनि सकिँदैन । यो यथार्थको आलोकमा नयाँ ऐनले उपयुक्त विधि व्यवस्था गर्नुपर्छ । नयाँ ऐनमा सामुदायिक र निजी विद्यालयप्रति आममानिसको अनुभूति पनि प्रतिविम्बित हुनुपर्छ । आज हाम्रा विद्यार्थीहरूमा उच्च अध्ययन र जीवनवृत्तिका लागि विदेश जाने सोच काहालीलाग्दो ढंगमा बढेको छ । यो सोच हाम्रो शिक्षा प्रणालीकै उपज हो।

**आखिर किन त ?**

हाम्रो शिक्षाले विद्यार्थीहरूलाई आफ्नै देशमा उपलब्ध सम्भावना, अवसर र स्रोतसाधन चिनाउन सकेन किङ्ग राष्ट्रप्रति आफ्नो जिम्मेवारी र देश विकासमा आफ्नो भूमिकाबारे संवेदनशील बनाउन सकेन किङ्ग हाम्रो देशको उच्च शिक्षा विश्वव्यापीकरणको लहर अनुकूल प्रतिस्पर्धी बन्न सकेन किङ्ग यी सबै कोणहरूबाट हेरेर शिक्षा प्रणालीमा सुधार गर्नु आवश्यक छ । सुधारको मुख्य आधार नै विद्यालय शिक्षा ऐन हो । संविधानको कुरा र नीति राम्रो भएर मात्र हुँदैन, कानुनले व्यवस्थित कार्यान्वयन गर्न सक्नुपर्छ । सहअस्तित्व, श्रमको सम्मान, कार्यमुखी चरित्र, अवसरमा समानता, सहयोग, सद्भाव, सामञ्जस्य, सहिष्णुता, न्याय र उच्च नैतिकता उन्नत समाजको चरित्र हो । हाम्रो नेपाली संस्कृति यस्तै उन्नत बन्नुपर्छ । मानव समाज संस्कृतिहरूको समग्रता हो । संस्कृतिले समाज बन्छ, समाजले संस्कृति बनाउँछ । नेपाली संस्कृतिमा विचलन आएको र सांस्कृतिक क्षयीकरण बढेको भन्ने चिन्ता पनि प्रकट हुन थालेको छ । दिगो, मौलिक र सार्थक सांस्कृतिक विकासका लागि सबभन्दा महत्त्वपूर्ण पक्ष शिक्षा नै हो । उन्नत समाज निर्माणमा शिक्षाको भूमिका शरीरमा रक्त सञ्चारको झैं हुन्छ । विद्यालय तहको शिक्षादेखि अनुशासन, सहअस्तित्व, मेहनत, आत्मविश्वास, उद्यमशीलता, अत्मसमीक्षा र आत्मआलोचना, विनम्रता जस्ता व्यावहारिक पक्षहरू सिकाउनुपर्छ । शिक्षाले नेपाली मौलिक संस्कृतिको जगेर्ना, र प्रविधि उपयोग एकसाथ अघि बढाउन सक्नुपर्छ। शिक्षा लोकप्रियतावादी नारा र दार्शनिक जडतामा मात्र आधारित होइन, प्रयोगावादी र याथार्थपरक हुनुपर्छ । शिक्षाले लोकतन्त्र, मानवअधिकार, सुशासन र नागरिक कर्तव्यलाई जीवनशैली बनाउन सिकाउनुपर्छ । उल्लिखित पक्षहरूमा शिक्षाको भूमिका अब्बल हुन सके मात्र नेपाली संस्कृति जीवन्त हुनेछ, नेपाली समाज उन्नत हुनेछ । अन्ततः राष्ट्र उन्नत र सबल हुनेछ । शिक्षा प्रणाली मुलुकको विकास र समृद्धिको साधन र साध्य दुवै हो । समग्र शिक्षा क्षेत्रको विकासबिना समृद्धि हासिल हुन सक्दैन । हासिल भएको जति दिगो पनि हुन सक्दैन । हाम्रो देश विकास र समृद्धिमा पछाडि पर्नुका कारणहरूमध्ये एक मुख्य कारण शिक्षा क्षेत्रमा व्याप्त अन्योल पनि हो । शिक्षा क्षेत्रको चौतर्फी विकासबाट मात्र देश विकास र समृद्धि बाटोमा अघि बढ्नेछ । मानवस्रोत व्यवस्थापनको स्पष्ट सोच र योजनाबिनाको शिक्षाबाट सबल अर्थतन्त्र निर्माण गर्न सकिँदैन । शिक्षा क्षेत्रमा हाम्रो देश लहड, प्रभाव र दबाब रह्यो। सात दशकभन्दा बढी समय यसरी नै बितिसक्यो । कुन क्षेत्रका लागि कुन स्तरको कति जनशक्ति कति आवश्यक छ ? त्यस्तो जनशक्ति विकासका लागि कस्ता शिक्षण संस्थाहरू कति चाहिन्छन् ? कुन भूगोलमा कुन सीप सिकाउने शिक्षण संस्था चाहिन्छ ? यी सवालहरूमा स्पष्ट मार्गचित्र चाहिएको छ । मुलुकको अर्थतन्त्रको मुख्य आधार उत्पादनका साधनहरूको पहिचान, परिचालन र प्रतिफल हो । उत्पादनका साधनको गुणस्तर र उत्पादकत्व उत्तिकै महत्त्वपूर्ण हुन्छ । सीप, पुँजी, प्रविधि र बजारको एकीकृत व्यवस्थापनबाट मात्र रोजगारी र स्वरोजगारी सिर्जना गर्न सकिन्छ । यी सबैको आधार शिक्षा हो, युग अनुकूल गुणस्तरीय शिक्षा ।

नेपालको सन्दर्भमा आधुनिक प्रविधि प्रयोगमा न्यूनता, कमजोर पूर्वाधार, भ्रष्टाचार, न्यून आन्तरिक उत्पादन, उच्च आयात, निम्छरो निर्यात, असमानता, बेरोजगारी, श्रम संस्कृतिको अभाव आदि आर्थिक समृद्धिका मुख्य बाधक तत्त्वहरू हुन् । राज्य नेपाली श्रम, पुँजी र कच्चा पदार्थमा आधारित उद्योग प्रोत्साहन गर्न चुकेको छ । यसकै परिणाम हो विदेशमोह । यसरी उत्पन्न विदेशमोह देश विकासको अर्को ठूलो बाधक तत्त्व हो । यी बाधा पन्छाउने पनि शिक्षाले नै हो । शिक्षाले संरचनात्मक तथा व्यावहारिक उपाय सिकाउनुपर्छ । श्रमसंस्कृति विकास गर्न सघाउनुपर्छ । राज्यको मुख्य ध्येय शासकीय सुधार र सुशासन हुनुपर्छ । ‘सुखी नेपाली, समृद्ध नेपाल’ लक्ष्यको बाटोमा अघि बढ्न सबल शैक्षिक जनशक्ति आवश्यक पर्छ । यी सबैको आधार शिक्षा नै हो । शिक्षामा पनि विद्यालय शिक्षा मुख्य आधार हो । देशको विकास र समृद्धिको मुख्य आधारशिला विद्यालय शिक्षा नै हो । यही तथ्यका आधारमा नयाँ विद्यालय शिक्षा ऐन जारी हुनुपर्छ । ऐनले विद्यालय शिक्षाको उच्च गुणस्तर र दीर्घकालीन हित प्रवर्द्धन गर्न सक्नुपर्छ । विद्यालय शिक्षामा व्याप्त अन्योल अन्त्य हुनुपर्छ । नयाँ विद्यालय शिक्षा ऐन आन्दोलनको छाया होइन, रूपान्तरणको आधार बन्नुपर्छ ।

*-सेतोपाटी डटकम*


# अन्तर्राष्ट्रिय साक्षरता दिवस नेपालमा पनि मनाइँदै




**पाल्पा,** भदौ २२/आज ५९ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष सेप्टेम्बर ८ का दिन यो दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्रसँघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)को आह्वानमा सन् १९६७ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो ।

नेपालले पनि यसलाई शैक्षिक पर्वका रूपमा मनाउँदै अएको थियो । नेपालले विक्रम संवत् २०३२ देखि २०६३ सालसम्म शिक्षा दिवस र अन्तर्राष्ट्रिय साक्षरता दिवस छुट्टाछुट्टै मनाउँदै आएकोमा २०६२/०६३ को परिवर्तनपछि सेप्टेम्बर ८ लाई नै राष्ट्रिय शिक्षा तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसका रूपमा मनाउँदै आएको छ । तर, विगतका वर्षहरूमा ८ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय साक्षरता दिवसकै दिन राष्ट्रिय शिक्षा दिवस मनाइँदै आएकोमा गत वर्षदेखि भने शिक्षा मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसलाई अलग्गै दिनमा मनाएको छ । विसं २०६५ सालमा दुई वर्षभित्र नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने घोषणासहित साक्षर नेपाल कार्यक्रम ल्याइएको थियो । अभियान शुरू भएको झण्डै ढेड दशकमा अझै २३ प्रतिशत जनसंख्या साक्षर हुन सकेका छैनन् । सरकारले २०७२ सम्म सबै जनसंख्या साक्षर बनाइसक्ने घोषणा गरेको थियो । नेपालमा पढ्न लेख्न जान्ने जनसंख्या २ करोड ३ लाख ७७ हजार ९ सय ८० छन् । पाँच वर्षभन्दा माथिको जनसङ्ख्या २ करोड ६७ लाख २५ हजार २ सय ५ रहेको छ । साक्षरताको मूल्याङ्कन गर्दा कम्तीमा पचास प्रतिशत सक्षमता हासिल गर्न सक्ने व्यक्तिलाई साक्षर मान्न सकिन्छ । साक्षर हुन राष्ट्रभाषा वा मातृभाषाका वर्ण र अक्षरको पढ्न र लेख्न सक्ने, नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बिल पढ्न सक्ने, आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने, मोबाइल र क्यालकुलेटरका अंक र अक्षर चिनेर प्रयोग गर्न सक्ने, ० देखि ९ अंक सम्मका अंक र अक्षर लेख्न, १ देखि सयसम्म गणना गर्न सक्ने, लेनदेनका हरहिसाब राख्न सक्ने हुनुपर्ने व्यवस्था गरेको छ ।

# आज विश्व फिजियोथेरापी दिवस




**पाल्पा,** भदौं २२/आज सेप्टेम्बर ८ तारिक, विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर विश्वभर फिजियोथेरापी दिवस मनाइँदै छ । हरेक वर्ष सेप्टेम्बर ८ तारीखका दिन यो दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइदै आइएको छ ।

नेपालमा पनि सन् २००० देखि यो दिवस मनाउन थालिएको हो । विश्वभरका फिजियोथेरापीस्टहरुले विश्व फिजियोथेरापी दिवसका रुपमा मनाउने गर्दछन् । प्रत्येक वर्ष झैं यस वर्ष पनि यो दिवस मनाउन लागिएको छ । फिजियोथेरापी भनेको एक उपचार पद्धति हो जसले उचित शारीरिक क्षमता मूल्यांकन गरी मानिसको जीवनस्तर (क्वालिटी अफ लाइफ) उकास्नका लागि मद्दत गर्दछ । यसले विभिन्न रोग लाग्नबाट रोकथाम गुर्नका साथै रोग लागिसकेकालाई त्यस समस्याबाट बाहिर निस्कन मद्दत गर्छ । विभिन्न रोगका कारण शारीरिक र मानसिक कमजोरी भई दैनिक क्रियाकलाप गर्न कठिन छ, त्यस्ता व्यक्तिहरुलाई पुर्नस्थापना गरी दैनिकीलाई सहज र सक्षम बनाउन यसले मद्दत गर्दछ । हाडजोर्नी, नशा लगायतका रोग भएका मानिसलाई यो उपचार प्रभावकारी मानिन्छ । कतिपयलाई औषधिले काम नगरेको खण्डमा समेत फिजियोथेरापीद्धारा उपचार गर्ने गरिन्छ । विभिन्न चोट पटकका कारणले भएको भौतिक पीडा लगायत मांशपेशीको पीडा कम गर्न फिजियोथेरापिस्टहरु विभिन्न व्यायाम तथा उपचार गर्न सुझाव दिन्छन् । मांशपेशी च्यातिएको (लिगामेन्ट टियर), कमजोर मांशपेशी, स्वास प्रश्वास सम्बन्धी समस्या, घाँटी तथा जीउको दुखाई कम गर्न पनि फिजियोथेरापी उपयुक्त मानिन्छ । आजको दिनसम्म आइपुग्दा जनमानसमा फिजियोथेरापीको उपचार पद्धतिका बारेमा त्यति राम्रो ज्ञान भएको पाइँदैन । साधारण मानिसमात्र नभई कतिपय स्वास्थ्यकर्मीहरुलाई पनि फिजियोथेरापीको बारेमा पूर्ण ज्ञान भएको पाइँदैन । फिजियोथेरापी ढाड, कम्मर, घुँडा दुखेका, मुख बांगिएका, प्यालाइसिस भएका व्यक्ति र छातीमा खकार जमेका व्यक्तिमात्र नभई हरेक व्यक्तिलाई आवश्यक हुनसक्छ ।

# साहित्यकार सिंहको...

...कार्यक्रममा बरिष्ठ पत्रकार मेघराज शर्मा, पाल्पाली संगम मञ्चका पुर्व अध्यक्ष पदम न्यौपाने, ईतिहासका सस्कृतिविद् निर्मल श्रेष्ठ, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, पुर्व अध्यक्ष गोविन्द भट्टराई, भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जन, संस्कृति सम्पदा प्रतिष्ठानकी अध्यक्ष स्वस्तिका श्रेष्ठ, प्रगतिशिल लेखक संघ पाल्पाका अध्यक्ष धातानन्द गैरे, त्रिभुवन बहुमुखी क्याम्पसका पुर्व क्याम्पस प्रमुख टंक भट्टराई, साहित्यकार शैलाजा श्रेष्ठ, लगायतले संग्रहले पाल्पाको साहित्य, कला, संस्कृति सम्पदालाई जोगाउन, माथि उठाउन, वहसमा ल्याउन, साहित्यप्रेमीहरुलाई उर्जा भर्न महत्वपुर्ण भुमिका खेलेको बताए । आगामी दिनमा अझ बढी कृतिहरु प्रकाशित गर्न र पाल्पाको साहित्यलाई माथी उठाने गरी भुमिका खेल्न बक्ताहरुले कवि सिंहलाई सुझाव दिएका थिए । कार्यक्रममा बाल गायक अस्तित्व रेग्मीले कविता संग्रहमा आधारित रहेर गितबाट स्वागत गरेका थिए । भगवती मन्दिर अगाडि कविता संग्रहको सामुहिक लोकापर्ण गरी बन्द कोठामा शुभकामना आदान प्रदान गरिएको थियो । समाजले हाल सम्म विभिन्न कवि, कवियत्री तथा साहित्यकार, गजलकारहरुका २४ वटा कृतिहरु प्रकाशित गरिसकेको छ । समाजका अध्यक्ष पुष्कर अथक रेग्मीको अध्यक्षता, संस्थाका सल्लाहकार चित्रवलीराम सुवालको स्वागत र सचिव सविता भट्टराईको सञ्चालनमा लोकापर्ण कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

# पाल्पामा पत्रकार र निजामती कर्मचारीबिच मैत्रीपूर्ण फुटबल
## कर्मचारीको टिम विजयी



**पाल्पा,** भदौं २२/जिल्लाको तानसेनमा पत्रकार र निजामती कर्मचारीबिच मैत्रीपूर्ण फुटबल प्रतियोगता भएको छ । २२ औं निजामती दिवसको अवसरमा तानसेनस्थित टुँडीखेल मैदानमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता भएको हो ।

प्रतियोगितामा कर्मचारीको टिमले जित हासिल गरेको छ । खेलमा कर्मचारीको टिम ८-० ले विजयी भएको छ । निर्धारित ६० मिनेटमा कर्मचारीले ८ गोल हान्दा पत्रकारले एक गोल पनि हान्न नसेकपछि लजास्पद हार व्यहोर्नु परेको थियो । विजेता टिमले मेडल र प्रमाणपत्र हात पार्न सफल भएको छ भने उपविजेतालाई पनि मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । निजामती सेवा दिवस मुल समारोह समितिको आयोजना र तानसेन नगरपालिकाको सहकार्यमा भएको प्रतियोगिताका विजेता, उपविजेता खेलाडीलाई एक औपचारिक कार्यक्रमकाबिच पुरस्कार वितरण गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ र प्रमुख जिल्ला अधिकारी विनु कुँवर बज्रचार्यले संयुक्त रुपमा पुरस्कार वितरण गरेका थिए । पुरस्कार वितरण गर्दै नगर प्रमुख श्रेष्ठले खेलकुद आफ्नो क्षमता देखाउने माध्यम भएको भन्दै हार्द्धिकता र मित्रतालाई बलियो बनाउन यस्ता खाले प्रतियोगिता महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । प्रमुख जिल्ला अधिकारी बज्रचार्यले प्रतियोगितामा विजयी हुने र उपविजेता बन्ने समुहलाई बधाई ज्ञापन गर्दै कार्यक्रम सफलतापुर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पुर्णलाई धन्यवाद दिइन् । कर्मचारी र पत्रकारबिचको सम्बन्धलाई सुमधुर बनाई स्वस्थ शरिर निर्माणको लागि खेलकुदको महत्वपूर्ण भुमिका छ भन्ने सन्देश प्रवाह गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने नेपाल पत्रकार महासैं पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले बताए ।

उनले भने" आपसी भाइचारा वृद्धि, सम्बन्ध थप प्रगाढ बनाउन र खेल क्षेत्रको विकासको लागि समेत खेल प्रतियोगिता महत्वपूर्ण रहने हामीले विश्वास लिएका छौं ।" अध्यक्ष तिमिल्सेनाले हारलाई स्वभाविक रुपमा लिइएको बताए । प्रतियोगिता व्यवस्थापनमा खटिने प्रतिनिधि, रेफि, जिल्ला फुटबल सैंलाई समेत सम्मान पत्रले सम्मान गरिएको थियो । प्रमुख जिल्ला अधिकारी विनु कुँवर बज्राचार्यको अध्यक्षता, जिल्ला प्रशासन कार्यालयका प्रशासकिय अधिकृत दिनेश ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## औषधि प्रयोग गर्दा ध्यान दिऔं

-मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
-औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
-गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
-औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
-औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई